"समुन्नत विहादी, सम्मानित विहादीवासी"

# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत
## गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०८३/८४
चलानी नं. :-

मिति:- २०८३।०५।१८
ने.स. ११४६ गुँलागा ०७, बिहीबार

### सूचना नं : २८

**नवप्रर्वतन कार्यक्रम अन्तर्गत सौन्दर्य कला (Beautician) तालिम सञ्चालन हुने सम्बन्धी सूचना।**

विहादी गाउँपालिकालाई समृद्ध र आत्मनिर्भर बनाउन हाम्रा युवा तथा महिलाहरूको आर्थिक सशक्तीकरण मुख्य आधार हो। गाउँपालिका क्षेत्रभित्रका महिलाहरूलाई परम्परागत काममा मात्र सीमित नराखी आधुनिक सीप र प्रविधिसँग जोड्दै स्वरोजगार तथा सफल उद्यमी बनाउने हाम्रो प्राथमिकता रहेको छ। यसै उद्देश्यका साथ गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत नवप्रर्वतन, कार्यक्रम अन्तर्गत महिलाहरूलाई सौन्दर्य कला (Beautician) सम्बन्धी व्यावसायिक तालिम प्रदान गर्न लागिएको छ। सीप सिकेर आफ्नै गाउँ-ठाउँमा उद्यम सुरु गर्न चाहनुहुने इच्छुक महिलाहरूले तोकिएको समयभित्र आवेदन दिनुहुन हार्दिक आह्वान गर्दछौ।

### तालिम सम्बन्धी संक्षिप्त विवरण

- **तालिमको नाम:** सौन्दर्य कला (Beautician) (बेसिक तथा एड्भान्स)
- **लक्षित समूह:** विहादी गाउँपालिका स्थायी बासिन्दा (उमेर: १६ देखि ३५ वर्षसम्मका महिलाहरू)
- **आवेदन दिने अन्तिम मिति:** २०८३/०६/०१ गते (कार्यालय समयभित्र)
- **आवेदन बुझाउने स्थान:** विहादी गाउँपालिकाको कार्यालय (नवप्रर्वतन, रोजगार,सीप तथा उद्यमशिलता केन्द्र वा सम्बन्धित वडा कार्यालय)

### आवश्यक पर्ने कागजातहरू

- नेपाली नागरिकता वा उमेर खुल्ने प्रमाणपत्रको प्रतिलिपि - १ प्रति
- हालै खिचिएको पासपोर्ट साइजको फोटो - २ प्रति
- तोकिएको ढाँचाको निवेदन

**पुनश्च:** सूचना सम्बन्धी विस्तृत जानकारीका लागि गाउँपालिकाको कार्यालय तथा ९८६७९४६०३१ / ९८६४२४८८५० मा सम्पर्क गर्नुहुन अनुरोध छ।

परविन गुरुङ
अध्यक्ष